गेरुवा गाउँसभाको १२ औं अधिवेशनको बैठकमा २०७९ आषाढ ९ गते बिहिवार

गाउँपालिका अध्यक्ष श्री जमान सिंह के.सी.ले

प्रस्तुत गर्नु भएको

# आर्थिक वर्ष २०७९/८० को

# नीति तथा कार्यक्रम

गेरुवा गाउँपालिका

२०७९

*www.geruwamun.gov.np*

## **१. संबोधन**

प्रमुख अतिथि,

गाउँसभाका उपाध्यक्ष,

गाउँसभाका सदस्यहरु,

राजनीतिक दलका स्थानीय प्रमुख तथा प्रतिनिधिहरु,

पत्रकार,

राष्ट्रसेवक कर्मचारीहरु ।

## **२. योगदान**

- ❖ स्थानीय तह सदस्य निर्वाचन २०७९ बाट जनता बाट पुन अनुमोदित भई जनताको सेवाको यस गरिमामय सभा समक्ष उपस्थित हुन पाउँदा म अत्यन्त गौरवान्वित महशुस गरिरहेको छु ।
- ❖ **"समृद्ध गेरुवा गाउँपालिका निर्माणको आधार, कृषि, पर्यटन र पूर्वाधार"** भन्ने नाराका साथ मिति २०७४ भदौ १६ गते सम्पन्न पहिलो ऐतिहासिक प्रथम गाउँसभाको प्रथम अधिवेशन बाट समृद्ध गेरुवाको निर्माणका लागि जनता बाट निर्वाचित सम्पूर्ण निवर्तमान जनप्रतिनिधिहरुलाई म हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।
- ❖ संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको स्थापना पश्चात भएको प्रथम स्थानीय तह सदस्य निर्वाचन बाट जनता बाट अनुमोदित भई यस गाउँपालिकाको विकास र समृद्धिमा महत्वपूर्ण योगदान दिनु हुने निवर्तमान उपाध्यक्ष आदरणीय हिमा कुमारी थारु, निर्वतमान गाउँसभा सदस्यहरु लाई हृदय देखि नै हार्दिक धन्यवाद दिन चाहन्छु ।

## **३. सँस्मरण**

- ❖ यस अवसरमा संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको निर्माणमा योगदान दिनु हुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु, वीर वीरगंनाहरु, प्रजातन्त्र सेनानीहरुलाई म उच्च सम्मानका साथ हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु ।
- ❖ गेरुवा गाउँपालिकाको स्थानीय तह सदस्य निर्वाचन २०७४ मा वडा नं. ६ बाट निर्वाचित प्रथम वडा अध्यक्ष स्वर्गीय श्री टेक बहादुर थारु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु । उहाँले गेरुवा गाउँपालिका प्रति गर्नु भएको योगदानलाई सदैव गेरुवाले सम्झिरहनेछ ।

❖ बर्दिया राष्ट्रिय निकुञ्जका बन्यजन्तुको आक्रमण तथा कोभिड-१९ को संक्रमणमा परी असामयिक रुपमा निधन हुनु भएको सम्पूर्ण गेरुवावासी जनताहरु प्रति म हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु। साथै, गेरुवाका जनताहरुको जीउधनको सुरक्षाको लागि गेरुवा गाउँपालिकाले हरसम्भव रुपमा प्रयासहरु अवलम्बन गर्ने प्रतिवद्धता यस गरिमामय सभा समक्ष व्यक्त गर्दछु ।

## ४. आभार

❖ स्थानीय तह सदस्य निर्वाचन २०७९ मा उत्साहजनक सहभागी भई निर्वाचन सफल पार्न अत्यन्त महत्वपूर्ण सहयोग गर्नुहुने सम्पूर्ण गेरुवाका जनताहरु प्रति हार्दिक आभार व्यक्त गर्दछु ।

❖ स्थानीय तह सदस्य निर्वाचन २०७९ लाई सफल पार्न महत्वपूर्ण सहयोग गर्नुहुने श्री निर्वाचन आयोग, मूख्य निर्वाचन आयोगको कार्यालय बर्दिया, निर्वाचन अधिकृतको कार्यालय गेरुवा, निर्वाचनमा खटिएका सम्पूर्ण कर्मचारीहरु, नेपाल प्रहरी, शशस्त्र प्रहरी, नेपाली सेना, गेरुवा गाउँपालिकाका सम्पूर्ण कर्मचारीहरु लाई हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

## ख. विद्यमान परिवेश

## १. राजनीतिक

❖ स्थानीय तह सदस्य निर्वाचन २०७९ मा गेरुवा गाउँपालिकामा सहभागी भएका मध्ये २ वटा राजनैतिक दलहरुका उम्मेदवारहरु विजयी भएका छन । नेपाली काँग्रेस बाट २७ जना सदस्य निर्वाचित भएका छन भने नेकपा माओवादी केन्द्र र नेकपा समाजवादी को गठबन्धन बाट ५ जना निर्वाचित भएको अवस्था छ । त्यसैगरी कार्यपालिका सदस्यमा नेपाली काँग्रेस बाट थप २ जना सदस्यहरु निर्वाचित भएका छन ।

❖ गेरुवा गाउँपालिकाको विकासमा यस क्षेत्र भित्र रहेका सबै राजनीतिक दलहरुको महत्वपूर्ण भुमिका रहेको छ। उच्च राजनीतिक संस्कारको विकास गरी आपसी सहयोग, समझदारी र समभाव राखी गेरुवाको विकास तथा समृद्धि आजको प्रमुख राजनीतिक गन्तव्य हुनु पर्दछ ।

❖ गेरुवाको नेतृत्व गेरुवा कै नागरिकले गर्ने हो र सबैको गेरुवा प्रति दायित्व छ भन्ने विषयमा सबै पक्षले सकारात्मक तथा रचनात्मक भूमिका निर्वाह गर्नुपर्दछ ।

## २. आर्थिक

❖ गेरुवा गाउँपालिकाको आर्थिक विकासको मुल आधार नै कृषि तथा पशुपालन हो । गाउँपालिकामा रहेका कुल ७६१३ घरधुरी मध्ये कृषि पेशालाई जिविकोपार्जनको मुख्य आधार बनाउने घरधुरी ७० प्रतिशत, व्यापार व्यवसाय गर्ने ६.९ प्रतिशत, आन्तरिक विप्रेषणमा आश्रित ४.१ प्रतिशत, नोकरी गर्ने २.९ प्रतिशत र दैनिक ज्यालादारी गर्ने २.४ प्रतिशत छन ।

❖ आर्थिक रुपले सक्रिय जनसंख्या ६३.३५ प्रतिशत भएतापनि उक्त जनसंख्याको लगभग ४० प्रतिशत घरायशी काममा नै संलग्न हुने गरेको छ भने आफ्नै खेतिपातीमा १८.२ प्रतिशत र बेरोजगार जनसंख्या ११.६ प्रतिशत रहेको छ ।

❖ गेरुवा गाउँपालिकाको कूल घरपरिवारहरु मध्ये कृषि प्रयोजनको जमिनको स्वामित्व भएका ७१.३ प्रतिशत र त्यस प्रकारको जमिन नभएका २८.७ प्रतिशत रहेका छन । त्यसैगरी कूल कृषियोग्य जमिनको ७९.८ प्रतिशत जमिनमा खेती गरिएको र २०.२ प्रतिशत जमिन बाँझो रहेको देखिन्छ ।

❖ यस गाउँपालिकामा खेतिपातीमा संलग्न घरधुरीहरु मध्ये ९७.६ प्रतिशतले अन्नबाली, ५०.२ प्रतिशतले दलहनबाली, ५० प्रतिशतले तेलहनबाली, ४९.३ प्रतिशतले तरकारीबाली, ३६.४ प्रतिशतले मसलाबाली र ९.५ प्रतिशतले फलफूल बाली लगाउने गरेका छन ।

❖ पशुपालनतर्फ करिव ८० प्रतिशत घरधुरी परम्परागत पशुपालनमा संलग्न छन भने यस क्षेत्रमा विशेषगरी गाई, भैसी, बाखा, बंगुर, कुखुरा फार्महरु लगायतका कृषि तथा पशुजन्य उद्योगहरु हाल संचालनमा रहेका छन ।

❖ गेरुवा गाउँपालिकाका नगरउन्मुख बस्तीहरुमा शान्तिबजार, विहानीबजार, खोल्टीबजार, प्रशेनीपुर तथा पथरैया रहेका छन । गेरुवा गाउँपालिकाको वडा नं. १ मा होमस्टेहरु संचालनमा रहेका छन ।

❖ गेरुवा गाउँपालिकामा १ वटा “क” बर्गको बाणिज्य बैंक, १ वटा विकास बैंक र अन्य लघुवित्तीय संस्थाहरु संचालनमा रहेका छन । गेरुवा गाउँपालिकामा करिव ४२ प्रतिशत घरधुरीले मात्र बैंकिङ कारोबार गर्ने गरेका छन ।

## ३. सामाजिक

❖ गेरुवा गाउँपालिकामा हाल ७ वटा माध्यामिक विद्यालय, १० वटा आधारभूत विद्यालय, १६ प्राथमिक विद्यालय गरी जम्मा ३४ विद्यालयहरु संचालनमा रहेका छन भने सोही मध्ये ७ वटा निजी विद्यालयहरु रहेका छन ।

❖ गेरुवा गाउँपालिकाको कुल साक्षरता दर ७६.१ प्रतिशत छ भने ८१.५ प्रतिशत पुरुष, ७१.५ प्रतिशत मात्र महिला साक्षर छन । कुल जनसंख्याको ३१ प्रतिशतले कक्षा ८

देखि एस.इ.इ वा सो सरह सम्म, २३.१ प्रतिशतले कक्षा ५ देखि ७ र २२.४ प्रतिशतले ४ कक्षासम्मको अध्ययन गरेका छन ।

- ❖ गेरुवा गाउँपालिकामा ४ वटा स्वास्थ्य चौकी, २ वटा आधारभूत स्वास्थ्य केन्द्र, १९ गाउँघर क्लिनिक , २४ वटा खोप केन्द्र, १ वटा सामुदायिक स्वास्थ्य केन्द्र संचालनमा रहेका छन ।
- ❖ गाउँपालिकामा शत प्रतिशत बालबालिकाले पूर्ण खोप पाएको सुनिश्चीतता गरिएको छ । साथै, पालिकाका सबै गर्भवति महिलाहरुले स्वास्थ्य संस्थाबाट प्रसुति सेवा लिने गरेका छन ।
- ❖ गाउँपालिकामा ६० वर्ष भन्दा माथिका जेष्ठ नागरिक करिव ८ प्रतिशत रहेका छन भने पुरुष र महिलाको संख्या करिब बराबर रहेको छ भने अपांगता भएका व्यक्ति करिव २ प्रतिशत रहेका छन ।
- ❖ यस गाउँपालिकामा रहेका ७६१३ घरधुरीहरु मध्ये ९८.६ प्रतिशतले आधारभूत खानेपानी उपभोग गरेका छन । त्यसैगरी कुल घरधुरी मध्ये ४६.८ प्रतिशत साधारण चर्पी प्रयोगकर्ता छन भने ४४.६ प्रतिशतले सप्टी ट्याकं भएको चर्पी, २.६ प्रतिशतले सामुदायिक चर्पी, १.१ प्रतिशतले सार्वजनिक ढलयुक्त चर्पी प्रयोग गरेका छन भने ५ प्रतिशतले भने चर्पीको प्रयोग गर्ने गरेका छैनन ।

### ४. प्रशासनिक

- ❖ बर्दिया जिल्लाको पशिचममा रहेको गेरुवा गाउँपालिका जनसंख्या र क्षेत्रफलमा जिल्लाकै सबै भन्दा सानो गाउँपालिका हो । गेरुवा गाउँपालिका बर्दिया राष्ट्रिय निकुन्जको मध्यवर्ती क्षेत्रमा पर्दछ ।
- ❖ संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको स्थापना भए संगै गेरुवा गाउँपालिकाको स्थापना मिति २०७४ साल फागुन २७ भएको हो । साविकका पाताभार, गोला, पशुपतिनगर, र मनाउ गाविस गाभिएर स्थापना गरिएको हो । गेरुवा गाउँपालिकाको केन्द्र वडा नं. ५ पशुपतिनगरको पथरैयामा रहेको छ। प्रशासनिक केन्द्रको रुपमा गाउँ कार्यपालिकाको कार्यालय रहेको छ ।

## ग. विकास र समृद्धिको लक्ष्य प्राप्तिका लागि गरिएका महत्वपूर्ण प्रयास, अवसर तथा चुनौती

### १. चालिएका कदम तथा महत्वपूर्ण प्रयासहरु

- गेरुवा गाउँपालिकाको प्रथम गाउँसभाको प्रथम अधिवेशन द्वारा प्रस्तावित नीति तथा कार्यक्रम मार्फत तपशिलका कार्यक्रमहरु प्रथम कार्यकालमा संचालनमा ल्याइएको थियो ।
    - उज्यालो गाउँपालिका
    - बाढी र बन्यजन्तुबाट सुरक्षित गाउँपालिका
    - भ्रष्टाचार शुन्य एंव सुशासन युक्त गाउँपालिका
    - स्वस्थ/सफा गाउँपालिका
    - कालोपत्रे सडक सञ्जाल पूर्ण गाउँपालिका
    - सांस्कृतिक विविधताले भरिपूर्ण पर्यटकीय गन्तव्य घोषणा
    - जिविकोपार्जनमा आत्मनिर्भर गाउँपालिका
    - अर्गानिक एंव विषादी रहित गाउँपालिका
    - तिव्र विकास गरी समृद्ध गाउँपालिकामा परिणत गर्ने
    - छोरी बचाउ कार्यक्रम
    - थारु हेल्प डेस्क कार्यक्रम
    - ५ लाख भन्दा माथिका योजना ई-विडिङ मार्फत कार्यान्वयन गर्ने
    - डिजिटल गेरुवा स्थापना
    - समपुरक कोष परिचालन कार्यक्रम
    - सामुहिक आवास कार्यक्रम
    - होमस्टे प्रवर्द्धन कार्यक्रम

## २. विद्यमान अवसरहरु

- गेरुवा गाउँपालिकाको प्रथम स्थानीय सरकारको कार्यकाल सकिदाँ सम्म पालिकामा अन्य पालिका, मूख्य व्यापारिक केन्द्र तथा संघीय तथा प्रादेशिक राजमार्गसम्म सहज आवद्धता स्थापना भएको छ ।
- मुख्य राष्ट्रिय सडकहरु हुलाकी राजमार्ग, महेन्द्रराजमार्ग सँगको सहज पहुँचले गर्दा उत्पादित कृषिजन्य वस्तुको सहज बजार पहुँच हुनु पालिकाको प्रमुख अवसरको रुपमा रहेको छ ।
- साथै, होमस्टेको व्यापक प्रचारप्रसार भई थारु संस्कृतिको जगेर्ना र विस्तारको अवसर सम्भावना रहनु, साँस्कृतिक पर्यटनको सम्भावना हुने गाउँपालिकाका अवसरहरु रहेका छन ।

- ❖ कृषि, पशुपालन, पर्यटन नै गेरुवाको समृद्धिका मुख्य अवसरहरु हुन । यी क्षेत्रको विकास बाट यहाँका जनताहरुको जीवनस्तर उकासिन सक्दछ ।

## ३. विद्यमान चुनौतीहरु

- ❖ संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको स्थापना भइसकोको सन्दर्भमा गाउँपालिकाले सरकारको हैसियतमा काम गर्नुपर्ने हुन्छ जुन आफैमा एक चुनौतीपूर्ण रहेको छ ।
- ❖ नेपालको संविधान प्रदत्त २२ वटा एकल अधिकार र संघ-प्रदेश-स्थानीय तहको १५ वटा साझा अधिकारलाई पूर्ण रुपमा कार्यान्वयन गर्न गाउँपालिका सँग प्रयाप्त कानूनहरु तर्जुमा भएको हुनु पर्छ ।
- ❖ गेरुवा-कर्णाली नदीको आगनमा रहेको यस पालिका बाढीको जोखिममा सदैव रहनु र बाढीको क्षती लाई न्यूनीकरण गर्नु सबै भन्दा ठुलो चुनौती हो । साथै, बर्दिया राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्र गेरुवा गाउँपालिका रहेको हुँदा बन्यजन्तुको निरन्तर आक्रमणलाई रोकी जनधनको क्षतीलाइ रोक्न प्रमुख समस्या रहेको छ ।
- ❖ मध्यवर्ती क्षेत्र भएकै कारण पालिकाले गेरुवा नदी, कर्णाली नदीबाट उपयुक्ता लाभ लिन नसक्नु पनि एक गम्भिर चुनौती हो । आन्तरिक स्रोत न्यून रहेको पालिकाले यस प्रकारको समस्याबाट आय बढाउन सकेको छैन जसले गर्दा संघीय तथा प्रदेशकै अनुदानमा पालिका संचालन गर्नुपर्ने अवस्था भोलीको दिन सम्म चुनौतीपूर्ण रहेको छ ।
- ❖ अन्तरस्थानीय तह समन्वय र सहकार्यका आधारमा विकासका गतिविधिहरु सञ्चालन गर्नु, विकासका प्रकृयामा दक्ष मानव संसाधनको प्रयोग गर्नु, उपलब्ध स्रोत साधनको उच्चतम प्रयोग गर्नु आर्दि गाउँपालिकाका लागि चुनौतीपूर्ण रहेको देखिन्छ ।

## घ. नीति तथा कार्यक्रम तर्जुमाका आधारहरु

### १. संविधान

- ❖ नेपालको संविधान २०७२ को मर्म र भावना अनुरुप र राज्यका नीतिहरुको अधिनमा रही नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ ।
- ❖ नेपालको संविधान २०७२ मार्फत स्थानीय तहलाई प्रदत्त अधिकार र स्थानीय आर्थिक कार्यप्रणाली लाई नीति तर्जुमाको आधारको रुपमा लिइएको छ ।

### २. प्रचलित कानूनी व्यवस्था

- ❖ स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४ मा उल्लेखित व्यवस्थालाई नीति तथा कार्यक्रम तर्जुमाको कानूनी आधारको रुपमा लिइएको छ ।

## ३. राष्ट्रिय, प्रदेश र स्थानीय नीति, योजना र लक्ष्य

- ❖ नेपाल सरकारको पन्ध्रौ आवधिक योजना
- ❖ नेपाल सरकारको नीति तथा कार्यक्रम २०७९/८०
- ❖ लुम्बिनी प्रदेशको प्रथम आवधिक योजना
- ❖ लुम्बिनी प्रदेशको नीति तथा कार्यक्रम २०७९/८०
- ❖ गेरुवा गाउँपालिकाको प्रथम आवद्यिक योजना
- ❖ गेरुवा गाउँपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा समिति सञ्चालन कार्यविधि २०७८
- ❖ दिगो विकासका लक्ष्यहरु

## ४. अनुभव तथा सिकाई

- ❖ गेरुवा गाउँपालिकाको प्रथम स्थानीय सरकार(२०७४-२०७९) सञ्चालन गर्ने क्रममा संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान २०७२ को संस्थागत गर्ने कार्य सम्पन्न हुन पुगेको महशुस भएको छ ।
- ❖ मेरो नेतृत्वको प्रथम गेरुवा गाउँपालिका सरकारले समग्र क्षेत्रहरुमा जग बसाल्ने काम गरेको छ । प्रथम नीति तथा कार्यक्रम, बजेट, कानून निर्माण लगायत संविधान प्रदत्त हक अधिकारको कार्यान्वयन गर्नु वास्तवमै एक ऐतिहासिक अनुभव रहको छ ।
- ❖ समृद्ध गेरुवा गाउँपालिका निर्माणको आधार, कृषि, पर्यटन र पूर्वाधार भन्ने नारालाई संस्थागत गर्ने क्रममा संघ, प्रदेश र स्थानीय तह सहितको संघीयताको कार्यान्वयनको प्रथम अवधि महत्वपूर्ण सिकाईको रुपमा रह्यो । नयाँ व्यवस्था, नयाँ परिवेश लाई अंगाल्दै सिक्दै र सिकाउँदै हामीले पालिकाको प्रथम जनप्रतिनिधिको कार्यकालमा केही महत्वपूर्ण कार्य हरु गर्न सफल भयौ ।
- ❖ न्यून बजेटको अवस्थामा पनि मितव्ययिताका साथ बजेट लाई खर्च गरी विकासको जग बसाल्न सफल भएको अनुभुती गरेको छु ।
- ❖ त्यसैगरी कोभिड-१९ को निर्मम प्रहार बाट पालिकाले जनधनको सुरक्षा गर्न चालेका कदम लाई महत्वपूर्ण सिकाइको रुपमा लिएको छु । भोलिका दिनमा आउन सक्ने भवितव्यलाई सामना गर्न सक्ने संरचनाहरुको निर्माण, उपलब्ध साधन श्रोतको अधिकतम परिचालन सिकाइको अर्को पाटो रहन गयो ।
- ❖ स्थानीय सरकार र संघ/प्रदेशको सरकार वीचको राजनैतिक तालमेल र त्यसले स्थानीय तहको विकास, बजेट तथा विस्तारमा पार्ने प्रभावको वारेको अवगत भयो ।

- ❖ कानून निर्माण, कानूनी जटिलता, संक्रमणकालिन संघीय व्यवस्थाको कार्यान्वयनको अवस्थाका बाबजुत पालिकाले नागरिकमैत्री सेवा प्रवाहमा कुनै कसर बाँकी राखेन भन्ने लागेको छ ।
- ❖ शिक्षा क्षेत्रमा पालिकामा बहुमुखी क्याम्पस निर्माण, गाउँ अस्पताल निर्माण लाई पहिलो प्रयासका बाबजुत पनि कार्यकालमा कार्यान्वयनमा लैजान नसक्नु तितो अनुभवको रुपमा लिएको छु र यसलाई यस कार्यकालमा प्रभावकारी ढगबाट कार्यान्वयन गर्न प्रतिवद्ध रहेको छु ।

## ङ. चालु आ.व.को हालसम्मका प्रमुख उपलब्धिहरुको संक्षिप्त विवरण

मेरो नेतृत्वको प्रथम स्थानीय सरकारले गेरुवा गाउँपालिकाका समग्र क्षेत्रहरुको जग बसाल्ने कार्य गरेको थियो । विविध बाधा अडचनका बाबजुत पनि हामीले संघीयता कार्यान्वयनको उक्त ऐतिहासिक जिम्मेवारीलाई जनताको दैलोमा जनताको आभास दिलाउन सफल भएको महशुस मैले गरेको छु ।

## १. भौतिक उपलब्धी

- ❖ कुनै पनि सडक कालोपत्रे नभएको यस गाउँपालिकामा हालसम्म १५ कि.मि. सडक कालोपत्रे भएको छ । यसले गर्दा प्रदेश तथा संघ संगको आवद्धता तथा पहुँचलाई थप व्यवस्थित गरेको छ ।
- ❖ हिलाम्य तथा धुलाम्य सडकलाई स्तरोन्नती गरी सडको मर्मत, सम्भार गरिएको छ । पालिकाले विगत ५ वर्षमा १०० किमी सडक स्तरोन्नती गरेको छ । त्यसै गरी उक्त सडकमा आवश्यक पर्ने कल्भर्ट, पुल पुलेसा, ह्युमपाइपहरु जडान समेत निर्माण गरिएको छ ।
- ❖ गेरुवा गाउँपालिकाले आफ्नै लगानीमा गाउँपालिकाको प्रशासकीय भवन निर्माण गरेको छ । त्यसैगरी वडा नं. १, ३, ४, ५ र ६ का कार्यालय भवनहरु समेत निर्माण गरिएको छ । साथै, वडा नं. १ र २ को आधारभूत स्वास्थ्य केन्द्र, वडा नं. ४ को स्वास्थ्य चौकी, वडा नं. ६ को बर्थिङ सेन्टर जस्था भवनको निर्माणले सेवा प्रवाहमा सहजता भएको सबैले महशुस गरेका छन ।
- ❖ त्यसैगरी गेरुवामा रहेका सामुदायिक विद्यालयहरुका भवन निर्माण, सामुदायिक भवनहरु, खोप केन्द्र, गाउँघर क्लिनिक, सार्वजनिक शौचालयहरु लगायतका संरचनाहरु निर्माण गरिएका छन ।

## २. आर्थिक सामाजिक उपलब्धी

- गेरुवा गाउँपालिका कृषिको राम्रो सम्भावना भएको क्षेत्र हो । पालिकाले विभिन्न समस्याका बाबजुत सोच अनुरुप कार्य गर्न नसकेता पनि कृषि तथा पशुपालन क्षेत्रको विकासका लागि विभिन्न कार्यक्रम संचालन गरेको थियो । कृषि तथा पशु प्राविधिकहरुको व्यवस्था बाट कृषकहरुलाई निशुल्क प्राविधिक सहायता, अनुदानमा कृषि औजार तथा यान्त्रीकरण वितरण, निशुल्क बीउ विजनको व्यवस्था, पकेट क्षेत्र कार्यक्रम, साना सिँचाई कार्यक्रम, स्मार्ट वाखापालन लगायतका कार्यक्रमहरु पालिकाले संचालन गरेको थियो ।
- गेरुवा गाउँपालिकाको राजश्व संकलन प्रणालीलाई व्यवस्थित तथा आधुनिक सूचना प्रविधि मैत्री बनाउनका लागि राजश्व व्यवस्थापन सूचना प्रणालीको माध्यम बाट राजश्व संकलन कार्यको थालनी गर्न पालिकाले एक महत्वपूर्ण सफलता हासिल गरेको छ ।
- गेरुवा अस्पतालको निर्माण को शुरुवात, वडा नं. १ र २ मा आधारभूत स्वास्थ्य केन्द्रको स्थापना, वडा नं. ४ मा स्वास्थ्य चौकीको निर्माण, वडा नं. ३ र ६ मा बर्थिङ सेन्टरको स्थापना, गाउँघर क्लिनिक बाट स्वास्थ्य सेवा प्रवाह जस्ता क्रियाकलापहरु पालिकाले स्वास्थ्य क्षेत्रमा गरेको लगानीहरु हुन ।
- पालिकाले शिक्षामा बर्षौंदेखि जनशक्ति अभावको अवस्थालाई न्यूनीकरण गरी विद्यार्थी शिक्षक अनुपातलाई व्यवस्थित गरेको छ । त्यसैगरी एकप्रिय नमूना माविको स्थापना, पशुपति मावि सूचना प्रविधि ल्याव, पशुपति मावि प्राविधिक विद्यालय भवन निर्माण, विभिन्न विद्यालयहरुमा भवन, शौचालय, छात्रवृत्तिको व्यवस्था, विद्यालयमा इन्टरनेट लगायत सूचना प्रविधि सामाग्रीहरुको व्यवस्था गर्न पालिका सफल भएको छ ।
- पालिकाले आफै तथा अन्य गैरसरकारी निकायको साझेदारीम लैगिक समानता, लक्षित बर्ग कार्यक्रम, सामाजिक सूरक्षा भत्तालाई बैकिग प्रणालीमा आवद्धता, छोरी बचाउ कार्यक्रम, विभिन्न संजालहरुको गठन र संचालन लगायतका सामाजिन न्याय तथा समानता कायम गराउने कार्यलाई व्यवस्थित गर्न संस्थागत प्रयास गरेको छ ।

## ३. विपद तथा वातावरणीय उपलब्धी

- गेरुवा गाउँपालिकाको प्रमुख प्रकोपीय समस्याहरुको रुपमा रहेको बाढी, बन्यजन्तु आक्रमण, आगलागी जस्ता प्रकोपहरुको न्यूनीकरणका लागि पालिकाले कानूनी, संरचनागत कार्यहरु गरेको छ ।
- गाउँपालिकाको विपद् जोखिम न्यूनीकरण ऐन, वातावरण ऐन, आर्थिक सहायता कार्यविधि, स्थानीय आपतकालिन कार्य संचालन केन्द्र संचालन कार्यविधि, स्थानीय

विपद तथा जलवायु उत्थानसील योजना जस्ता कानूनहरु निर्माण भई कार्यान्वयनमा ल्याइएको छ ।

- ❖ राष्ट्रिय निकुञ्ज सँगको सीमानामा बन्यजन्तुको आक्रमण बाट जनधनको रक्षा गर्ने हेतु मेस वायर जडान, इलेक्ट्रीक फेन्सीङ जडान जस्ता संरचनाहरुको निर्माण गरिएको छ ।
- ❖ संघीय सरकार र पालिकाको साझेदारीमा शहिद पार्कको निर्माण कार्य प्रारम्भ भएको छ ।
- ❖ विकासमा वायो इन्जिनियरिङ पद्धतिलाई अवलम्बन गरिएको छ ।

## ४. संस्थागत उपलब्धी

- ❖ पालिकाले हालसम्म ५२ वटा कानूनहरुको निर्माण गरी कार्यान्वयन गरिरहेको छ जसमध्ये १६ वटा ऐन, १ वटा नीति, २ वटा नियमावली, ३ वटा निदेर्शिका, २९ वटा कार्यविधि र १ वटा मापदण्ड रहेको छन ।
- ❖ पालिकाको प्रशासकीय भवन निर्माण भई सञ्चालनमा आएको छ भने सम्पूर्ण वडा कार्यालयहरु निर्माण भई सेवा प्रवाह गरिरहेको अवस्था छ ।
- ❖ त्यसैगरी गाउँघर क्लिनिक, खोप क्लिनीक, बर्थिङ सेन्टर, सामुदायिक भवनहरु, सिड हाउस हरु निर्माण गरिएको छ ।
- ❖ पालिकाले जनशक्तिको अभावलाई मध्यनजर गर्दै शिक्षक, कर्मचारीको व्यवस्था गरी जनसेवा लाई उच्च प्राथमिकता दिएको छ ।
- ❖ पालिकाबाट प्रवाह हुने सेवालाई विद्युतीय सूचना प्रविधिमा आधारित बनाई सेवा प्रदान गरिएको छ । विभिन्न ११ वटा सूचना व्यवस्थापन प्रणाली, वेवसाइट तथा मोवाइल एप को माध्यमबाट डिजिटल गेरुवा कार्यान्वयन गर्ने हाम्रो उद्देश्यलाई थप टेवा पुगेको छ । पालिकाका सबै वडा कार्यालय, विद्यालय, स्वास्थ्य संस्थाहरुमा कम्प्युटर तथा इन्टरनेट सेवाको विस्तार गरिएको छ । भौगोलिक रुपमा दुर्गम पालिकालाई प्रविधिको माध्यमबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संजाल संग जोडिएको छ ।

## च. आगामी आ.व.का प्राथमिकता प्राप्त प्रमुख कार्यक्रमहरु

नेपालको संविधान, राष्ट्रिय नीति तथा योजना, प्रादेशिक नीति तथा योजना, दिगो विकासका लक्ष्यहरु, गेरुवा गाउँपालिको नीति तथा योजनाका लक्ष्यहरुलाई हासिल गरी समाजवादउन्मुख गेरुवा गाउँपालिका निर्माण गरी समृद्ध गेरुवा गाउँपालिकाको निर्माण गर्नु मेरो प्रमुख र एक मात्र प्राथमिकता रहेको छ । मेरो नेतृत्वको सरकारले शुन्य सहनशीलताको मान्यतालाई आत्मसाथ गर्दै सुशासन, नागरिक मैत्री सेवा प्रवाह, जनताको सुख र दुखमा साथ दिने

सरकारको रुपमा स्थापीत गर्ने उद्देश्य राखेको छु । यसको लागि सम्पूर्ण जनसेवामा समर्पित जनप्रतिनिधिहरु, राजनैतिक दलहरु, राष्ट्रसेवक कर्मचारीहरु, पत्रकार, नागरिक समाज, संघसंस्था, तथा गेरुवावासीहरु सँग साथ, सहयोग र समभावको अपेच्छा गर्दछु ।

हामी सँग नागरिकको सेवा जस्तो पुण्य काम गर्ने अवसर प्राप्त भएको छ । यस महान अवसरलाई आत्मसाथ गरि जनसेवा नै धर्म हो भन्ने मुलमन्त्रका साथ समृद्ध गेरुवा निर्माण अभियानमा यहाँहरुको सक्रिय सहभागितको अपेच्छा गरेको छु ।

अव म गेरुवा गाउँपालिकाको आगामी आर्थिक वर्ष २०७९/८० पालिकाले विभिन्न विषय क्षेत्रहरुमा सञ्चालन गर्ने प्रमुख कार्यक्रमहरु यस गरिमामय सभा समक्ष प्रस्तुत गर्न चाहन्छु ।

## १. आर्थिक विकास

- गेरुवा गाउँपालिका कृषि तथा पशु उपशाखा, कृषि तथा पशु सेवा केन्द्र, वडा कार्यालयमा कृषक हेल्प डेस्क स्थापना गरि कृषकका समस्याहरुलाई आर्थिक विकास समिति मार्फत यथाशिघ्र समाधान गर्ने व्यवस्था गरिनेछ । किसान सुचीकरण कार्यक्रमलाई लागु गरिनेछ ।
- किसान परिचयपत्र, निशुल्क कृषि/पशु प्राविधिक सेवा, कृषि तथा पशु वीमा कार्यक्रम लागु गरिनेछ ।
- पढ्दै कमाउदै कार्यक्रम,कृषक यान्त्रीकरण कार्यक्रम, अध्यक्ष सँग कृषक कार्यक्रम, युवा कृषक उद्यमी कार्यकमहरु संचालन गरी कृषकको क्षमता विकास, आर्थिक उन्नती तथा युवा कृषक उद्यमी विकास लाई कार्यान्वयन गरिनेछ ।
- नयाँ केरा पकेट क्षेत्र विकास कार्यक्रम, नयाँ मकैबाली पकेट क्षेत्र विकास कार्यक्रम, आलु बाली पकेट कार्यक्रम तेलहनबाली प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत नयाँ रोजगारी सृजना गरिनेछ ।
- शहिद स्मृति पार्क निर्माण कार्यलाई सम्पन्न गरी गेरुवालाई पर्यटकीय हवको रुपमा विकास गर्न आवश्यक कार्यक्रम संचालन गरिनेछ ।
- एक घर एक बैंक खाता कार्यक्रम संचालन गरी प्रत्येक घरमा वित्तीय पहुँच कायम गरिनेछ ।

## २. सामाजिक विकास

- गेरुवा गाउँपालिकामा एक बहुमुखी क्याम्पसको स्थापना गरी उच्च शिक्षाको व्यवस्था गरिनेछ ।

- ❖ गेरुवा गाउँपालिकाको पशुपति माविलाई प्राविधिक शिक्षालयको रुपमा विकास गरिनेछ । निर्माणाधीन प्राविधिक शिक्षालय भवनलाई सम्पन्न गरिनेछ ।
- ❖ शिक्षाको बृहत्तर विकासका लागि मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम, राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम हरु सञ्चालन गरिनेछ ।
- ❖ गेरुवा गाउँपालिकामा रहेका सामुदायिक विद्यालयहरुमा एक मावि एक नर्श कार्यक्रम लागु गरिनेछ ।
- ❖ एक घर एक शौचालय कार्यक्रम मार्फत स्वस्थ पालिका निर्माण गरिनेछ ।
- ❖ महिनावारी भएका महिला कर्मचारीहरुलाई पहिलो दिन गेरुवा गाउँपालिकाका सरकारी कार्यालयमा कार्यरत महिलाहरुलाई आराम विदा दिइनेछ । गेरुवा गाउँ कार्यपालिका कार्यालयमा एक स्तनपान कक्षको स्थापना गरिनेछ ।
- ❖ गेरुवा गाउँपालिकाका ७० वर्ष भन्दा माथिका जेष्ठ नागरिकहरुलाई निशुल्क स्वास्थ्य सेवा प्रदान गर्न आवश्यक व्यवस्था गरिनेछ ।
- ❖ गेरुवा गाउँपालिकामा बसोबास गर्ने फरक क्षमता भएका व्यक्तिहरुलाई आवश्यक पर्ने सहायता सामाग्रीहरु निशुल्क रुपमा उपलब्ध गराइनेछ । साथै निजहरुलाई निशुल्क रुपमा घरदैलोमा स्वास्थ्य सेवा प्रदान गरिनेछ ।
- ❖ गेरुवा गाउँपालिकाको प्रत्येक वडामा सवदाह गृह निर्माण कार्यलाई निरन्तरता दिइनेछ । सवदाह गृह स्थलको व्यवस्थापनका कार्यक्रमहरु संचालन गरिनेछ ।
- ❖ प्रत्येक वडामा बर्थिङ सेन्टर निर्माण गर्ने गाउँपालिकाको अभियानलाई निरन्तरता दिइनेछ । सिकलसेल, सर्पदंशको उपचारको लागि आवश्यक व्यवस्था गरिनेछ ।
- ❖ गेरुवा गाउँपालिकाको खेलकुद विकासलाई व्यवस्थित, प्रभावकारी बनाउन गाउँपालिका खेलकुद विकास समितिलाई कानूनी संरचनामा आधारित बनाई व्यवस्थित गरिनेछ । गाउँपालिकामा व्यायामशाला स्थापनाको लागि आवश्यक कार्य गरिनेछ ।

## ३. पूर्वाधार विकास

- ❖ थापा राईस मिल देखि स्याउलीबजार, खोनपुर हुँदै मैनापोखर सडकलाई कालोपत्रे गरिनेछ ।
- ❖ बेफु थारुको घर देखि पशुपतिनगर हुँदै राजापुर नगरपालिका जोड्ने सडक कालोपत्रे गरिनेछ ।
- ❖ हरिपुर चोक देखि चैनपुर जोड्न सडकलाई कालोपत्रे गरिनेछ ।

- ❖ गाउँपालिका क्षेत्रमा निर्माण हुने भवनहरुको राष्ट्रिय भवन आचारसंहिता बमोजिम नक्सा पास गर्न आवश्यक व्यवस्था गरिनेछ । उक्त कार्यका लागि गाउँपालिकाले निशुल्क रुपमा आवासीय घरको नमुना नक्साहरु निर्माण गरी उपलब्ध गराइनेछ ।
- ❖ गेरुवा गाउँपालिकाको केन्दलाइ एकीकृत शहरी विकास योजना निर्माण गर्न आवश्यक अध्ययन गरिनेछ ।
- ❖ गेरुवा गाउँपालिका विभिन्न क्षेत्रमा विद्युत प्राधिकरण सँग समन्वय गरी सडक बत्ती जडान गरिनेछ। गेरुवा गाउँपालिकाका प्रमुख बजारहरुमा सोलार बत्ती जडान गरिनेछ । बायो ग्याँस प्रवर्द्धन कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- ❖ गेरुवा गाउँपालिका विभिन्न स्थानहरुमा पुल, सडक स्तारोन्नतीका कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

## ४. वन, वातावरण तथा विपद व्यवस्थापन

- ❖ गेरुवा गाउँपालिका र बर्दिया राष्ट्रिय निकुञ्जको सीमानामा मेश वायर निर्माण कार्यलाई आगामी आर्थिक वर्षमा सम्पन्न गरिनेछ ।
- ❖ गेरुवा गाउँपालिका र बर्दिया राष्ट्रिय निकुञ्ज कार्यालयको सीमा क्षेत्रमा विद्युत प्राधिकरण सँगको साझेदारीमा बिजुली बत्ती जडान गरिनेछ ।
- ❖ गेरुवा गाउँपालिकाको विपद् व्यवस्थापन कार्यलाई व्यवस्थित गर्न आपतकालिन कार्य सञ्चालन केन्द्रको स्थापना गरी विपद् पूर्व तयारी, प्रतिकार्य र पुर्नस्थापना कार्यलाई व्यवस्थित गरिनेछ ।
- ❖ गेरुवा गाउँपालिकामा उत्सर्जन हुने फोहोरमैलाका व्यवस्थापनका लागि उपयुक्त स्थान तोकी ल्याण्ड फिल्ड साइटको निर्माण गरिनेछ ।
- ❖ गेरुवा गाउँपालिकाको विपद व्यवस्थापन गर्ने क्षमतालाई वृद्धि गर्न गाउँपालिका, वडा, समुदाय, गैर सरकारी क्षेत्र लाई एकीकृत रुपमा परिचालन गरिनेछ । नेपाल रेडक्रस सोसाइटी गेरुवाको कार्यालय व्यवस्थापनका लागि आवश्यक सहयोग गरिनेछ ।

## ५. सुशासन तथा संस्थागत विकास

- ❖ गेरुवा गाउँपालिकाका कर्मचारीहरु बाट सम्पादन हुने क्रियाकलापहरुको सुपरिवेक्षण गर्न दैनिक, मासिक रिपोर्टीङ प्राणली बनाई कार्यसम्पादन मूल्याकंन गरिनेछ । कार्यसम्पादनमा उत्कृष्ट हुने कर्मचारीहरु मध्ये १ जना पुरुष, १ जना महिलालाई उत्कृष्ट कर्मचारी घोषणा गरिनेछ ।

❖ गाउँपालिकाका विभिन्न कार्यालयहरुको स्वच्छता, सरसफाई र कार्यालय स्थलको सरसफाई मासिक रुपमा गरिनेछ ।

❖ गाउँपालिका बाट जारी गरिने सेवा प्रवाहलाई पारदर्शी बनाउनको लागि सूचनाको हक बमोजिम नागरिकहरुले प्राप्त गर्न पाउने सूचनाहरुलाई पालिकाको वेवसाइट, मोवाइल एप, सामाजिक संजालहरु बाट निशुल्क रुपमा उपलब्ध हुने व्यवस्था मिलाइनेछ। सोही कार्यका लागि पालिका परिसरमा एक सूचना केन्द्रको स्थापना समेत गरिनेछ ।

❖ गेरुवा गाउँ कार्यपालिकाको कार्यालय र वडा कार्यालयहरुमा नागरिक हेल्पडेस्क स्थापना गरिनेछ । गेरुवा गाउँपालिकाका विविध तथ्याकंहरुको अभिलेखीकरण गर्न डिजिटल प्रोफाइल निर्माण गरिनेछ ।

❖ गेरुवा गाउँपालिकामा रहेका बरघर तथा चौकीदारहरुको क्षमता विकास तथा घरदैलोमा सूचना सम्प्रेशषण कार्यमा सहजताको लागि साइकल तथा सूचना प्रविधि सामाग्री वितरण गरिनेछ। वरघर कोषको लागि आवश्यक सहायता उपलब्ध गराइनेछ ।

❖ गाउँपालिकामा नागरिकहरुको गुनासो सुनुवाई, गुनासो सुन्ने अधिकारी तथा प्रत्येक सार्वजनिक कार्यालयहरुमा सूचना अधिकारीको व्यवस्था अनिवार्य रुपमा गरी सूचनाको हकको कार्यान्वयन गरिनेछ। गाउँपालिकाका जनप्रतिनिधिहरु, कर्मचारीहरुलाई विशेषज्ञ प्रशिक्षक मार्फत विभिन्न क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ ।

❖ गेरुवा गाउँपालिकाका प्रत्येक कार्यालयहरुमा नागरिक वडापत्रको व्यवस्था गरिनेछ । प्रत्येक चौमासिकमा सार्वजनिक सुनुवाइको व्ययवस्था गरिनेछ । सामाजिक परीक्षण, सार्वजनिक परीक्षण जस्ता कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गरिनेछ ।

❖ गाउँपालिकाले निशुल्क टोलफ्रि नम्बरको व्यवस्था गरी नागरिकहरुको गुनासाहरुलाई व्यवस्थापन गरिनेछ । गेरुवा गाउँपालिकामा रहेका पुराना दस्तावेजहरुको डिजिटाइजेसन गरी सुरक्षित रुपमा भण्डारण गरिनेछ ।

❖ गेरुवा गाउँपालिकामा आकस्मिक रुपमा आइपर्ने विभिन्न समस्याहरुको यथाशिघ्र समाधान, निर्माण,परिचालनका लागि एक मर्मत सम्भार तथा व्यवस्थापन कोष स्थापना गरिनेछ ।

❖ गेरुवा गाउँपालिकामा कार्यरत कर्मचारीहरुलाई कार्यसम्पादन, जिम्मेवारीको आधारमा प्रोत्साहन तथा उपयुक्त कार्यवातावरणको निर्माण गरिनेछ ।

❖ गेरुवा गाउँपालिकाका स्वास्थ्य संस्थाहरुबाट नवजात शिशु जन्माउने सुत्केरी महिलाहरुलाई आफु र बच्चाको रेखदेखका लागि सुत्केरी स्याहार कार्यक्रम मार्फत सहायता गरिनेछ । गेरुवा गाउँपालिकाको छोरी बचाउ कार्यक्रमलाई थप व्यवस्थित गरि निरन्तरता दिइनेछ ।

- ❖ सामाजिक सुरक्षा, लैंगिक समानता, सामाजिक समावेशिकरण, महिला सशक्तिकरण अन्तर्गतका विषयहरु संग सम्बन्धित रहने गरी उपाध्यक्ष सँग महिला जनता कार्यक्रम संचालन गरिनेछ ।
- ❖ गेरुवा गाउँपालिकाका बेरोजगार युवा, वैदेशिक रोजगारी बाट फर्केका युवाहरुलाइ समेट्ने गरी युवा उद्यमी विकास कार्यक्रम सञ्चालन गरिनेछ ।
- ❖ नेपालमा चलेको शशस्त्र द्वन्द्वबाट पिडित गेरुवावासी नागरिकहरुको तथ्याकं संकलन गरी द्वन्द्वपिडित, वेपत्ता, यौन हिंसामा पिडितहरुको क्षमता विकासका लागि द्वन्द्वपिडित विशेष कार्यक्रम संचालन गरिनेछ । गेरुवा गाउँपालिकामा बसोबास गर्ने एच.आई.भि. पिडित नागरिकहरुको क्षमता विकासको लागि विशेष कार्यक्रम संचालन गरिनेछ ।
- ❖ गेरुवा गाउँपालिकामा बसोबास गर्ने भूमिहिन, सुकुम्बासीहरुको भूमि आयोग बाट जमिन प्राप्तीको लागि आवश्यक पहल गरिनेछ । निजहरुको उत्थानका लागि आवश्यक कार्यक्रम संचालन गरिनेछ । गेरुवा गाउँपालिकामा बसोबास गर्ने मुक्तकमैयाहरुको क्षमता विकासका लागि विशेष कार्यक्रम संचालन गरिनेछ । गेरुवा गाउँपालिकामा बसोबास गर्ने पूर्व कमलहरीको क्षमता विकासका लागि विशेष कार्यक्रम संचालन गरिनेछ । गेरुवा गाउँपालिकाका विपन्न नागरिक, दलित समुदायको लागि नागरिक/जनता आवास कार्यक्रम संचालन गरिनेछ ।

## छ. आगामी आ.व. को प्रमुख नीतिहरु

अव म गेरुवा गाउँपालिकाको आगामी आर्थिक वर्ष २०७९/८० पालिकाले विभिन्न विषय क्षेत्रहरुमा सञ्चालन गर्ने प्रमुख नीतिहरु यस गरिमामय सभा समक्ष प्रस्तुत गर्न चाहन्छु ।

- ❖ कृषि उपजहरुको संकलन, बजार पहुँचको लागि पालिकाले आवश्यक व्यवस्था गर्नेछ । खाद्यान्न बालीको उन्नत बीउ उपयोगमा अनुदानको व्यवस्था गरिनेछ । कृषी उपजहरुको सहज बजार पहुँचको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।
- ❖ समृद्ध गेरुवाको विकासका लागि कृषि क्षेत्रलाई रोजगारी र व्यवसायको रुपमा अगाडी बढाउने गरी योजनाबद्ध विकासको खाका निर्माण गरिनेछ ।
- ❖ गेरुवा गाउँपालिकामा एक चिस्यान केन्द्र निर्माणको लागि संघ/प्रदेश सरकार समक्ष पहल गरिनेछ । नेपाल खाद्य संस्थानको शाखा कार्यालय गेरुवा गाउँपालिकामा स्थापना गर्न आवश्यक पहल गरिनेछ ।

❖ वैदेशिक रोजगारीको सीप गेरुवामा लगानी मार्फत कृषक उद्यमी कार्यतर्फ अग्रसर बनाउन आवश्यक कार्यक्रमहरु कार्यान्वयन गरिनेछ । लघु उद्यम विकास कार्यक्रम मार्फत तालिम, उद्यम विकास तथा व्यवसाय उन्मुख उद्यमी सिर्जना गरिनेछ ।

❖ गेरुवा गाउँपालिकामा रहेका होम स्टे लाई स्तरोन्नती गरी नमुना पालिका निर्माण गर्न संघ तथा प्रदेश संगको साझेदारीमा कार्यक्रमहरु संचालन गरिनेछ । पयर्टन प्रवर्द्धन मार्फत रोजगारीका अवसर हरु सृजना गरिनेछ । पर्यटकीय पूर्वाधारहरु निर्माण गर्नको लागि निजी क्षेत्र सँग सहकार्य गरिनेछ । बुढीकुलो क्षेत्र, बाजपुर क्षेत्र, गेरुवा-कर्णाली तटीय क्षेत्रमा पर्यटनको विकासका सम्भावनाहरुको अध्ययन गरी पर्यटन प्रवर्द्धन कार्यक्रमहरु संचालन गरिनेछ ।

❖ वेरोजगार युवाहरुलाई सीप सिकाई प्रविधि हस्तान्तरण गरी उद्यमी बनाउने कार्यक्रमहरु संचालन गरिनेछ । वैदेशिक रोजगारी बाट फर्केका युवालाई निजहरुले सिकेको सीप, आर्जन गरेको पुँजीलाई गाउँको विकासमा परिचालन गरिनेछ । महिला सीपमूलक कार्यक्रम अन्तर्गत प्रविधि हस्तान्तण गरी आत्मनिर्भर कार्यक्रमहरु संचालन गरिनेछ ।

❖ सहकारीको पुँजीलाई उत्पादनमूलक क्षेत्रमा लगानी, युवा उद्यमी विकासमा परिचालन गरी उद्यमी तयार गरिनेछ । गाउँपालिका र सहकारी साझेदारी कार्यक्रम मार्फत सहकारी सेवालाई थप प्रभावकारी बनाइनेछ ।

❖ गेरुवा गाउँपालिकाको वडा नं. ४ मा औद्योगिक ग्राम स्थापनाको लागि संघीय / प्रदेश सरकार सँग आवश्यक पहल गरिनेछ। गेरुवा गाउँपालिकामा घरेलु तथा साना उद्योगको स्थापना तथा त्यसबाट आय, रोजगारीको अवसरहरु सिर्जना गरिनेछ ।

❖ गाउँपालिका, नीजि क्षेत्र वीच साझेदारीमा कार्यक्रम संचालन गरी गेरुवाको विकासमा निजी क्षेत्रलाई संलग्न गराउन सार्वजनिक निजी साझेदारी सम्बन्धी नीति तथा कानूनको तर्जुमा गरी कार्यान्वयनमा ल्याइ गाउँपालिकाको विकासमा प्रयोग गरिनेछ । वीत्तीय क्षेत्रहरु सँग समन्वय गरी पुँजीको लगानी तथा व्यवसाय प्रवर्द्धनका लागि आवश्यक कार्य गरिनेछ। गेरुवा गाउँपालिकामा रहको घरेलु तथा साना उद्योग र निजी क्षेत्रको सहकार्यमा रोजगारी र बजार प्रवर्द्धनलाई व्यवस्थित गरिनेछ ।

❖ गैर सरकारी क्षेत्रको बजेटलाई गाउँपालिकाको बजेटमा समावेश गरी बजेटमा हुने दोहोरोपन अन्त्य गरिनेछ । विपद् व्यवस्थापन, लक्षित वर्ग, तथा अन्य सामाजिक सरोकारका कार्यक्रमहरु गाउँपालिकाको साझेदारीमा संचालन गरिनेछ ।

❖ गेरुवा गाउँपालिकाको एकप्रिय राठौर विद्यालयलाई कृषि महाविद्यालयको रुपमा विकास गरिनेछ । नमुना माविको गुरुयोजनालाई क्रमश कार्यान्वयन गरिनेछ । प्रत्येक वडामा एक नुमना विद्यालयको विकास गरिनेछ र शिक्षाको गुणस्तर वृद्धि गर्ने कार्यक्रमहरु लागु गरिनेछ ।

❖ शिक्षकहरुलाई विशेषज्ञ द्वारा तालिम प्रदान गरी क्षमता विकास गरिनेछ । बालविकासलाई मन्टेश्वरीको अवधारणामा परिणत गरि शिक्षण सिकाई क्रियाकलापहरु सञ्चालन गरिनेछ । शिक्षा क्षेत्रको गुणस्तर वृद्धिका लागि सूचना प्रविधिको उच्चतम प्रयोग गरिनेछ । चुस्त अनुगमन प्रणाली, क्षमता युक्त शिक्षक कर्मचारीको व्यवस्था गरि पालिकाको शैक्षिक क्षेत्रको गुणात्मक वृद्धि गरिनेछ ।

❖ गेरुवा गाउँपालिकामा उच्च शिक्षाको उपलब्धता गरी गाउँपालिकामा नै उच्च शिक्षा अध्ययन गर्ने अवसरको सिर्जना गर्न बहुमुखी क्याम्पस र प्राविधिक जनशक्ति उत्पादन गर्ने शिक्षालयको स्थापना गरिनेछ ।

❖ गुणस्तरीय, आधुनिक, सूचना प्रविधिमा आधारित शैक्षिक कार्यक्रम संचालनका लागि मूख्यमन्त्री शैक्षिक सुधार कार्यक्रमलाई उपयोग गरिनेछ । निजी र सामुदायिक विद्यालयको शिक्षा प्रणाली लाई एकरुपकता गर्न आवश्यक कदम चालिनेछ । शिक्षक, कर्मचारीलाई दक्ष, सीपयुक्त बनाउन क्षमता विकास कार्यक्रम संचालन गरिनेछ ।

❖ गेरुवा गाउँपालिकाको केन्द्रमा गेरुवा रंगशाला निर्माणका लागि आवश्यक पहल गरिनेछ । प्रत्येक वडामा रहेका खेलमैदानको संरक्षण र व्यवस्थापन गरिनेछ । गाउँपालिका बाट प्रतिनिधित्व गरी जिल्लास्तरीय खेलकुद, प्रदेशस्तरीय खेलकुद, राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलकुद प्रतियोगितमा विजयी हुने खेलाडीहरुलाई पुरस्कारको व्यवस्था गरिनेछ । खेलकुद क्षेत्रको विकासका लागि खेल प्रशिक्षक, खेल सामाग्री, प्रशिक्षण जस्ता कार्यक्रमहरु संचालन गरिनेछ ।

❖ गेरुवा गाउँपालिकाको खानेपानी तथा सरसफाई योजनालाई कार्यान्वयन गरिनेछ र आवश्यक स्रोत व्यवस्थापनका लागि संघ/प्रदेश तथा संघ-संस्थाहरु सँग साझेदारीमा कार्यक्रमहरु सँचालन गरिनेछ। नमूना सरसफाई कार्यक्रम संचालन गरी स्वच्छ पालिका घोषणा गरिनेछ ।

❖ गेरुवा गाउँपालिकालाई लैगिक हिंसामूक्त गाउँपालिका घोषणा गर्न आवश्यक कार्यक्रमहरु संचालन गरिनेछ । वहुविवाह, वालविवाह, दाइजो, छाउपडी लगायतका कु-प्रथाहरु अन्त्य गरिनेछ ।गेरुवा गाउँपालिकाका बालबालिकाहरुलाई विद्यालयमा अनिवार्य निशुल्क माध्यामिक शिक्षा प्राप्त गर्ने व्यवस्था गरिनेछ । गेरुवा गाउँपालिकालाई बालमैत्री गाउँपालिका घोषणा गर्नको लागि आवश्यक व्यवस्था गरिनेछ । गेरुवा गाउँपालिकालाई बालहिंसा, बालश्रम मुक्त गाउँपालिका घोषणा गर्न आवश्यक कार्यक्रमहरु संचालन गरिनेछ ।

❖ गेरुवा गाउँपालिकालाई छुवाछुत मुक्त गाउँपालिका घोषणा गर्न आवश्यक कार्यक्रमहरु सँचालन गरिनेछ । दलित समुदायको क्षमता विकास गरी रोजगारी, उद्यमी, सीपको माध्यमबाट आत्मनिर्भर गराइनेछ । जनता आवास कार्यक्रम मार्फत दलितहरुको लागि

निशुल्क आवास उपलब्ध गराउन संघ तथा प्रदेश सरकार सँग आवश्यक पहल गरिनेछ ।

- ❖ गेरुवा गाउँपालिकाका आदिवासी थारु समुदायको प्रथाजन्य कानूनहरुको निर्माण गरी निजहरुको संस्कृति, भाषा, रितीरिवाजहरुको संरक्षण गरिनेछ । गाउँपालिकाका विभिन्न समुदायका विभिन्न स्थानहरुमा मठमन्दीरको संरक्षण, निर्माण, देउथान, चर्चको निर्माण एंव संरक्षण र अभिलेख राखिनेछ । गुरुवा, पुरोहितहरुको लगत संकलन गरी संस्कृति तथा प्रथा संरक्षण गरिनेछ । गेरुवा गाउँपालिकामा बसोबास गर्ने विभिन्न समुदायका भाषा, नृत्य, साहित्य तथा कला, संस्कृतिको संरक्षणको लागि गेरुवा कला केन्द्र तथा संग्रहालयको स्थापनाका लागि पहल गरिनेछ ।
- ❖ गेरुवा गाउँपालिकालाई वडा केन्द्रसम्म जोड्ने सडकलाई कालोपत्रे गरिनेछ । गेरुवाका मूख्य सडक लिंक गर्ने योजनाको अध्ययन तथा कार्यान्वयन गरिनेछ । हुलाकी सडकको सहायक मार्ग रिङरोडलाई यथाशिघ्र कालोपत्रे गर्न संघीय सरकार सँग पहल गरिनेछ । सिँचाई सडकलाइ कालोपत्रे गर्न प्रदेश सरकार समक्ष पहल गरिनेछ । गेरुवा गाउँपालिकाको ग्रामिण सडक गुरुयोजना लाई कार्यान्वयनमा ल्याइनेछ । गाउँपालिकामा रहेका कच्ची सडकहरुको स्तरोन्नती गरिनेछ ।
- ❖ गेरुवा गाउँपालिकामा निर्माण भएका घरहरुको नक्सा अभिलेखिकरणलाई व्यवस्थित गरी अनिवार्य रुपमा कार्यान्वयनमा ल्याइनेछ । संघीय सरकार तथा प्रदेश सरकार सँग साझेदारीमा एकीकृत बस्ती विकास कार्यक्रम, सामुहिक आवास कार्यक्रम संचालन गर्न पहल गरिनेछ ।
- ❖ प्रमुख व्यापारिक केन्द्र शान्तिबजारमा एकीकृत शहरी विकास योजनाको लागि संघ तथा प्रदेशमा आवश्यक पहल गरिनेछ ।
- ❖ गेरुवा गाउँपालिका बाट प्रवाह हुने सेवाहरुलाई सूचना प्रविधि मैत्री बनाई नागरिकलाई छिटो छरितो सेवा प्रदान गरी सुशासन प्रवर्द्धन गरी डिजिटल गेरुवा निर्माणको नीति लाई कार्यान्वयन गरिनेछ । गेरुवा गाउँपालिकाको डिजिटल नक्साकंन गरी सूचना प्रविधिमा आधारित घरनम्बर/गाउँ लागु गरिनेछ ।
- ❖ गेरुवा गाउँपालिकाको प्रथम आवद्धिक योजनालाई कार्यान्वयन गरिनेछ र आवश्यक श्रोतको लागि संघ/प्रदेश तथा अन्य गैर सरकारी क्षेत्र सँग पहल तथा साझेदारी गरिनेछ ।
- ❖ गेरुवा गाउँपालिकामा ग्रामिण विद्युतीकरण कार्यक्रम मार्फत उज्यालो गाउँपालिका निर्माण गर्नको लागि विद्युत प्राधिकरण सँग समन्वय गरी कार्यान्वयन गरिनेछ ।
- ❖ संघीय सरकार सँग सनकट्टी पुल, सिचाई सडक कालोपत्रे, रिङरोड कालोपत्रे, गेरुवा-कर्णाली नदीमा स्थायी तटबन्धन संरचना, बलचौर-इन्टेक पुल, मनाउघाट-हात्तीसार

झोलुगे पुल, सिंचाइ व्यवस्थापन, नदी नियन्त्रणका लागि आवश्यक पहल गरिनेछ । मध्यवर्ती क्षेत्रमा रहेको यस गाउँपालिकामा संचालन हुने योजनाहरुको सहज कार्यान्वयनको लागि आवश्यक पहल गरिनेछ ।

- गेरुवाका नागरिकहरुको विपदजन्य घटनाहरु बाट जीउधनको सुरक्षा गर्नको लागि राष्ट्रिय निकुञ्जको सीमामा आवश्यक स्थायी संरचना निर्माणका लागि संघीय सरकार सँग पहल गरिनेछ । गेरुवा गाउँपालिकामा रहेका सामुदायिक वन लाई पालिकाको बृहत्तर हितमा परिचालन गर्ने व्यवस्था गरिनेछ । गेरुवा गाउँपालिकाका वडाहरुलाई वातावरण मैत्री वडा घोषणा गरिनेछ ।गेरुवा गाउँपालिकाको खाली जग्गा भएको क्षेत्र, सामुदायिक वन क्षेत्रमा वृक्षरोपण कार्यक्रम सञ्चालन गरि हरित पर्यावरण निर्माण गरिनेछ ।
- गेरुवा गाउँपालिकाको भू-उपयोग नीति निर्माण गरिनेछ । गेरुवा गाउँपालिकामा रहेका जलाधार क्षेत्रहरुको पहिचान गरी संरक्षण गर्न आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- विगतका वर्षहरुमा गेरुवा गाउँपालिकामा आएको बाढी बाट विस्थापित भएका गेरुवाका नागरिकहरुलाई आवश्यक क्षतीपूर्तिको लागि संघीय सरकार सँग पहल गरिनेछ । कर्णाली तथा गेरुवा नदीले कटानी गरेको जनताको जग्गा जनतालाई फिर्ता गर्नको लागि संघीय सरकार समक्ष आवश्यक पहल गरिनेछ ।
- गेरुवा गाउँपालिकामा निरन्तर रुपमा भईरहेको बन्यजन्तुको आक्रमणलाई न्यून गर्न बर्दिया राष्ट्रिय निकुञ्ज र गाउँपालिका वीच संयन्त्र निर्माण गरी संघीय सरकार समक्ष समस्या समाधानको लागि हरसम्भव पहल गरिनेछ । बन्यजन्तुको आक्रमण बाट प्रभावित नागरिकहरुको लागि विशेष सहायता कार्यक्रमहरु संचालन गरिनेछ । निजहरुलाई गाउँपालिका बाट कृषि, शिक्षा तथा रोजगारीमा प्राथमिकता दिइनेछ ।
- गेरुवा गाउँपालिकामा विपदजन्य घटनाहरु बाट प्रभावित घरपरिवारलाई विभिन्न कार्यक्रम संचालन गरि आवश्यक सहयोग गरिनेछ र विभिन्न सरकारी तथा गैर सरकारी निकायहरु संग समन्वय गरि राहत, पुर्नस्थापनका कार्यक्रमहरु संचालन गरिनेछ । गेरुवा गाउँपालिकाका समुदायहरुलाई नमुना उत्थानशील घोषण गर्दै आवश्यक पूर्व तयारी गरिनेछ ।
- बहु प्रकोपमा आधारित विपद् प्रभावित उद्धार र राहत सम्बन्धी मापदण्ड तयार गरी लागु गरिनेछ । वातावरण संरक्षण, विपद् जोखिम न्यूनीकरण तथा जलवायु परिवर्तन सम्बन्धी कार्यक्रमहरु संचालन गरिनेछ ।
- गेरुवा गाउँपालिकाको स्वास्थ्य क्षेत्रमा महत्वपूर्ण योगदान दिदैं आइरहेका ग्रामिण महिला स्वयमसेवकहरुलाई साइकल तथा अन्य सूचना प्रविधि सामाग्री प्रदान गरी निजहरुको

सेवा प्रवाहलाई थप सुदृढ गरिनेछ। स्वास्थ्य संस्थाहरुको सेवा प्रवाहलाई थप स्तारोन्नती गरी प्रत्येक स्वास्थ्य संस्थाहरु बाट विशेषज्ञ सेवाको पहुँच कायम गरिनेछ ।

❖ गेरुवा गाउँपालिका बाट प्रवाह हुने सेवाहरुलाइ छिटो, छरिता रुपमा प्रदान गर्न दरवन्दी संरचना अध्ययन गरी आवश्यक दरवन्दी कायम गरिनेछ । गेरुवा गाउँपालिकाको हालको कर्मचारी दरवन्दीलाई पुनारावलोकन गरिनेछ। कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्न क्षमता विकास योजना लाई कार्यान्वयन गरिनेछ ।

❖ गेरुवा गाउँपालिका बाट हुने सेवा प्रवाहलाई मुस्कान सहितको सेवाको रुपमा प्रवाह गरिनेछ। सो को अनुगमन कार्यका लागि गाउँपालिका बाट हुने सेवा प्रवाहको मूल्याकन तेस्रो पक्ष बाट गरिने व्यवस्था गरिनेछ । जनप्रतिनिधि, कर्मचारी तथा नागरिक आचारसंहिता निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ । कर्मचारीहरुका समस्याहरुको समाधानका लागि सार्वजनिक सेवा तथा क्षमता विकास समितिलाई सक्रिय बनाइनेछ ।

❖ नेपालको संविधान २०७२ बमोजिम स्थानीय तहलाई प्राप्त एकल अधिकारका कानूनहरु निर्माण गरिनेछ र निर्माण गरिएका कानूनहरुको प्रभावकारी कार्यान्वयन गरिनेछ ।

❖ गेरुवा गाउँपालिकाको समग्र विकासका विषयमा एक उच्चस्तरीय राजनैतिक संयन्त्र निर्माण गरिनेछ। गेरुवाको विकास गेरुवावासीले नै गर्ने हो भन्ने नाराका साथ सम्पूर्ण क्षेत्र सँग समन्वय, सहकार्य र साझेदारी गर्दै गेरुवाको विकास गरिनेछ ।

❖ राजापुर नगरपालिका र गेरुवा गाउँपालिका वीच स्थायी साझा संयन्त्र निर्माण गरी साझा सवालहरुको समाधानका लागि आवश्यक कदम चालिनेछ । गेरुवा गाउँपालिकाको सीमामा रहेका अन्य स्थानीय तहहरु सँग आवश्यक समन्वय र सहकार्य गरिनेछ ।

❖ नेपाल सरकारका कार्यालयहरुको सेवा गाउँपालिका बाट संचालन गर्नको लागि आवश्यक पहल गरिनेछ । गेरुवा गाउँपालिकामा रहेका संघीय सुरक्षा निकायहरु सँग आवश्यक सहकार्य गरिनेछ ।

ज. गेरुवा गाउँपालिकाको प्रस्तुत नीति तथा कार्यक्रम **"समृद्ध गेरुवा गाउँपालिका निर्माणको आधार, कृषि, पर्यटन र पूर्वाधार"** को दीर्घकालिन सोच र लक्ष्यको मार्गदर्शक दस्तावेज हो । यस नीति तथा कार्यक्रमले समृद्ध र समुन्नत गेरुवाको आकाक्षांलाई पूर्ण आत्मसाथ गरेको छ । नीति प्रक्रियामा गेरुवा गाउँपालिकाले गाउँसभा, राजनीतिक दल, निजी क्षेत्र, गैरसरकारी क्षेत्र, नागरिक समाज, बुद्धिजीवी, आम नागरिक एंव सबै सरोकारवालाहरुको राय सुझावलाई

आत्मसात गरिरहेको व्यहोरा स्मरण गर्दै प्रस्तुत नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा सम्बद्ध सबैको पूर्ण साथ र सहयोग रहनेमा म विश्वस्त छु ।

झ. अन्त्यमा, गेरुवा गाउँपालिकाको विकास, समृद्धि र सुशासनको अभियानमा प्रत्यक्ष/परोक्ष रुपले योगदान गर्नु हुने गेरुवा गाउँसभाका आदरणीय उपाध्यक्ष, सदस्यहरु, नेपाल सरकार, प्रदेश सरकार, राजनीतिक दल, बुद्धिजीवी, नीजि तथा गैह्र सरकारी क्षेत्र, नागरिक समाज, सञ्चार माध्यम, पत्रकार, राष्ट्रसेवक, श्रमिक, सुरक्षाकर्मी लगायत सम्पूर्ण दिदीबहिनी तथा दाजुभाईहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

धन्यवाद ।